आज मिति २०८०/०३/०८ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्गम तिमिल्सिना, लेखा अधिकृत

२. बासु पण्डित, प्रशासन शाखा प्रमुख

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: २२

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०/०३/०८

बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: बिहान ८:०० बजे

| क्र.सं. | मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८०/०३/०८ | ८:०० | विनियोजन विधेयक, २०८० सम्बन्धमा । | आर्थिक प्रशासन शाखा | १ |
| २ | २०८०/०३/०८ | ८:३० | आ.व.२०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा । | योजना शाखा | २ |
| ३ | २०८०/०३/०८ | ९:०० | पामडाँडा स्वास्थ्य चौकी भवनको लागि जग्गा प्राप्ति सम्बन्धमा । | स्वास्थ्य शाखा | ३ |
| ४ | २०८०/०३/०८ | ९:१५ | मनकामना केवलकार प्रा.लि बाट प्राप्त संस्थागत सामाजिक उत्तरदायित्व वापतको रकम बाँडफाँट सम्बन्धमा । | आर्थिक प्रशासन शाखा | ४ |
| ५ | २०८०/०३/०८ | ९:३० | बागमती प्रदेश सरकारबाट बिपद् व्यवस्थापन कोषमा प्राप्त रकम खर्च गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ५ |

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।०३।०५ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. इच्छाकामना गाउँपालिकाको विनियोजन विद्येयक, २०८० स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

२. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश हुन आएको आ.व. २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

३. पामडाँडा स्वास्थ्य चौकीका लागि जग्गा प्राप्ति सम्बन्धमा देहाय बमोजिम गर्ने।

(क) इच्छाकामना गाउँपालिका वडा नं. ५ पामडाँडा निबासी श्री गोपाल बहादुर गुरुङको कित्ता नं. १२१ को आफ्नो जग्गा मध्येबाट पूर्वतर्फको १ कठ्ठा जग्गा इच्छाकामना गाउँपालिकालाई दानमा दिन मञ्जुर भएकोले सो जग्गा गाउँपालिकाले आफ्नो नाममा दर्ता श्रेस्ता कायम गर्ने प्रकृया प्रारम्भ गर्ने।

(ख) निर्णय नं. ३(क) मा उल्लेख भएको जग्गा मालपोत कार्यालय चितवनबाट रजिष्ट्रेशन पास गरि लिनको लागि यस गाउँपालिकाका कर्मचारी श्री चन्द्रा भेदी अधिकारीलाई खटाउने।

(ग) उक्त जग्गा रजिष्ट्रेशन पास गरी लिँदा लाग्ने आवश्यक खर्च गाउँपालिका स्वयंले व्यहोर्ने।

४. मनकामना केवलकार प्रा. लि. बाट प्राप्त संस्थागत सामाजिक उत्तरदायित्व बापतको रकम तपसिल बमोजिम योजनाहरुमा बाँडफाँट गर्ने।

<u>तपसिलः</u>

| क्र.सं. | योजनाको विवरण | कार्यान्वयन हुने स्थान | बजेट (रकम रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | मायाटार स्वास्थ्य चौकी भवन | वडा नं. २ | १७,५०,०००।- | |
| २. | मायाटार स्कूल | वडा नं. २ | ३,००,०००।- | |
| ३. | वडा कार्यालय भवन वडा नं. ५ | वडा नं. ५ | १३,६०,०००।- | |
| ४. | गर्दास सडक कालोपत्रे | वडा नं. ७ | १६,६०,०००।- | |

५. बागमती प्रदेश सरकारबाट विपद् व्यवस्थापन कोषमा प्राप्त रकमबाट विपद् जोखिम न्यूनीकरण, खोज तथा उद्दार र राहतका लागि उपयोग हुने सामाग्री खरिद गर्ने।

२०८०।३।८

जगत प्रसाद भुसाल
... अधिकृत